# चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं, बागमती प्रदेश नेपाल

## आय कर संकलन गर्ने ठेक्का सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०८२/०३/११)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को १, २ र १३, दफा ६० र ६२ को व्यवस्था, यस नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ र नगर कार्यपालिकाको निर्णयको अधिनमा रही नगरपालिकाको क्षेत्राधिकारभित्र रही तपसिल बमोजिमका आय ठेक्कामा कर उठाउन पाउने कानूनी व्यवस्था भए बमोजिम चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०८१ मा भएका दरका आधारमा कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट सूचनामा उल्लेखित तपसिल बमोजिमका शर्तहरु र बोलपत्र दस्तावेजमा भएका प्रावधानहरु बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www.bolpatra.gov.np/egp/ मा गई रीतपूर्वकको विद्युतीय बोलपत्र आह्वान गरिएको छ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | आय संकलन गर्ने दररेट(मू.अ. कर सहित) | न्यूनतम अङ्क पहिलो आ.व.को लागि(मू.अ. कर बाहेक) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | INT/REV/01/ 2081-82 | Kalu Pandey Samadhi Sthal, View Tower Ma Café, Gift Shop, Binocular Ra Indradaha Ma Parking Sulka Sankalan | चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची ९ र अनुसूची १० को बुँदा(८) को १ अनुसार | रु.७,५०,०००।—(सात लाख पचास हजार मात्र) | ५,०००।- (पाँच हजार मात्र) |

**शर्तहरु:**

१. बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८२/०४/०९ दिनको १२:०० बजे सम्म मात्र हुनेछ र खोल्ने मिति सोही दिनको १:०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। साथै बोलपत्र फारम खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ।

२. बोलपत्रको ठेक्का एवं सम्झौता अवधि ३(तीन) आर्थिक बर्ष (२०८२।०८३, ०८३।०८४ र ०८४।०८५) का लागि हुनेछ।

३. बोलपत्रदाताले कबोल गरेको रकममा प्रत्येक वर्ष १०(दश) प्रतिशतका दरले वृद्धि हुनेछ।

४. बोलपत्रदाताले बोलपत्रसाथ धरौटी बापत (मू.अ. कर सहित) कबोल गरेको कूल ठेक्का अङ्कको ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि. एशिया बैंक, कलंकी शाखाको धरौटी खाता नं. **10CA050686752402** मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक जमानत (बिडबण्ड) पेश गर्नु पर्नेछ।

५. स्वीकृत बोलपत्रदाताले सम्झौताको बखत मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको पहिलो चौमासिक वापतको रकम सम्झौता भएकै बखत बुझाउनु पर्नेछ। तत्पश्चात चार चार महिनाको समयान्तरमा किस्ता बुझाउने र चौमासिक सुरु भएको १० गते भित्र किस्ता बुझाउन पर्नेछ। तोकिएको अवधि भित्र रकम नबुझाएमा व्याज समेत कार्यसम्पादन जमानतबाट असुल उपर गरिनेछ। यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जना दाबी गर्न पाउनेछैन।

६. सम्झौताको बखत बोलपत्रदाताले कबोल गरेको रकम मध्ये पहिलो चौमासिकमा बुझाएको रकमलाई घटाई बाँकी रहने रकम बराबरको रकम नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ र कार्यसम्पादन जमानतको समयावधि सम्झौता समाप्त हुने मिति भन्दा कम्तिमा ३० दिन बढी अवधिको हुनुपर्नेछ।

७. सूचना तथा बोलपत्र दस्तावेजमा उल्लेख भएको बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

८. थप जानकारीको लागि https://chandragirimun.gov.np/ र https://www.bolpatra.gov.np/egp/ र कार्यालय समयमा राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**बोलपत्र फारम दस्तुर दाखिलाको लागि :**

रकम दाखिला हुने कार्यालयको नाम :- Chandragiri Municipality

बैंकको नाम :- NIC ASIA Bank Limited

खाताको नाम :- GA 1.1 AANTARIK RAJASHWO KHATA-CHANDRAGIRI MUNICIPALITY

खाता नं. :- 0102050506867009

प्रमुख प्रशासकीय अधिकृत

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

सुरेन्द्र थापा मगर

प्रमुख प्रशासकीय अधिकृत